मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट:
https://bara.akc.gov.np

## टयूबवेल/सोलार पम्प सेट/बिधुतीय मोटर जडानका लागी आवश्यक यन्त्र उपकरणहरुको आपुर्तिकर्ता सुचिकृत हुने सम्वन्धी प्रति इकाई दरभाउ सहित सिलबन्दी आबेदन (प्रस्ताव) आव्हानको सुचना

**प्रथम पटक प्रकाशित मिति २०८२।०४।१३**

यस कृषि ज्ञान केन्द्र, बाराको चालू आ.व .२०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम **"सिचाई व्यवस्थापन प्रवर्द्धन सहयोग तथा स्थान बिशेष सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग "**कार्यक्रम अनुसार बारा जिल्लाको कृषकस्तरमा टयुबवेल/सोलार मोटर पम्पसेट/ बिधुतीय मोटर जडान तथा संचालन कार्य गर्नको लागी यस कार्यालयको अनुदान सहयोग तथा कृषकको लगानीमा आपूर्ति तथा जडान गर्नुपर्ने भएकोले योग्यता पुगेका आधिकारिक ईच्छुक यन्त्र उपकरण उत्पादक/आपूर्तिकर्ता/बिक्रेताहरुबाट यस केन्द्रले उपलब्ध गराउने निर्दिष्ट फारम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन अर्थात २०८२/०४/१९ गते सम्म दिनको १२:०० बजे भित्र सिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।रीतपुर्वक समयभित्र प्राप्त सिलबन्दी प्रस्ताव सोही दिन (२०८२/०४/१९) दिनको २:०० बजे आपुर्तिकर्ता वा निजको प्रतिनिधि तथा केन्द्रको रोहवरमा सिलबन्दी प्रस्ताव खोलिनेछ ।आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन। यस कार्यालयबाट उपलब्ध हुने निर्दिष्ट फारम कार्यालयको वेबसाइट **http/bara.akc.gov.np** बाट डाउनलोड गर्न सकिन्छ तथा थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध छ ।

छनौटमा परेका प्रस्तावहरु मध्ये स्पेशिफिकेशन तथा न्यून्तम मूल्यको आधारमा अनुदान स्विकृत हुने तथा छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुसंग प्रति ईकाई सम्झौता गरी कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा ब्यवस्था भए बमोजिम अनुदानग्राहिहरुले आफ्नो ईच्छा अनुसार सूचीकृत भएका आपूर्तिकर्ताहरु मध्ये कुनै एक आपूर्तिकर्ताबाट खरीद गर्न सक्नेछ। यस केन्द्रमा पेश हुन आएका शिलबन्दी प्रस्तावहरु स्वीकृत वा अस्वीकृत गर्ने अन्तिम अधिकार यस कार्यालयमा निहित रहनेछ।

**आवश्यक कागजात तथा शर्तहरु**

- ✓ फर्म /कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
- ✓ फर्म नवीकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने।
- ✓ PAN/ VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।
- ✓ कालो सूचीमा नपरेको स्वःघोषणा पत्र, ।
- ✓ कम्तीमा दुई बर्ष काम गरेको अनुभवलाई प्राथमिकता दिईनेछ र काम गरेको अनुभवको प्रमाण पेश गर्नुपर्नेछ ।
- ✓ Solar PV Module (आपुर्ति गर्न सक्ने मोडेलको RETS and other certificate), Solar Motor Pump set (CE/IEC and certificate, 2-year free cost of replacement manufacturer warranty certificate) को, हक्मा आधिकारिक बिक्रेताको प्रमाण पत्रको प्रतिलिपि, आधिकारिक टेस्ट रिपोट।
- ✓ uPVC Casing pipe, Ribbed Screen Filter को हक्मा उत्पादक कम्पनी / अधिकारीक डिलरशीप भएको प्रमाणपत्र र उत्पादक कम्पनीको नाम (Punched code र सो सामाग्रीको गुणस्तर सहितको print) अनिवार्य हुनुपर्नेछ।
- ✓ uPVC Casing pipe, Ribbed Screen Filter को हक्मा उत्पादक कम्पनीको Lab Test Report प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ।
- ✓ LCG Screen Filter को हक्मा उत्पादक कम्पनीको नाम (Manufacture Serial number/code number, Bar code र सो सामाग्रीको गुणस्तर सहितको print) अनिवार्य पेश गर्नुपर्नेछ।
- ✓ आपूर्तिकर्ताहरुले यस केन्द्रमा कार्यक्रम संचालन गर्नको लागि आफुले कबोल गरेको आवश्यक सामग्रीहरु कम्तीमा एक-एक सेट नमुना पेश गर्नुपर्नेछ ।
- ✓ पछिल्लो आ.व .२०८०/८१ को कर चुक्ता प्रमाणपत्र सहित २०८२ श्रावन पछीको कारोवार म्याद थपको स्वकृति लिएको प्रमाणपत्र प्रतिलिपि।
- ✓ कार्यालयले उपलब्ध गराएको निर्दिष्ट फाराम पूर्ण रुपमा भरि, क्याटलग, Performance curve आदि समेत पेश गर्नुपर्नेछ।
- ✓ यस कार्यालयको स्वीकृत कार्यक्रमहरुको विनियोजित रकमको अधीनमा रही अनुदानग्राहीबाट माग भएको टयुबवेल/सोलार पम्प सेट/विधुतीय मोटर जडानका लागि यन्त्र उपकरणहरु आपूर्ति गर्नुपर्नेछ। यसरी आपूर्ति गर्दा अनुदानग्राहीबाट शत प्रतिशत रकम लिई सो यन्त्र उपकरणहरु उपलब्ध गराउनुपर्नेछ। अनुदान बापतको रकम अनुदानग्राहीको खातामा जम्मा हुने गरी वा अनुदानग्राहीको मन्जुरनामाको आधारमा आपूर्तिकर्तालाई यस कार्यालयबाट भुक्तानी हुनेछ।

**राजनारायण प्र. साह**
**निमित प्रमुख**

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
बारा, कलैया

- ✓ पेश गरेको BOQ, क्याटलग लगायत सिलबन्दी गरिएका सम्पूर्ण कागजातकौ प्रतिलिपी स्वःप्रमाणित गरी पेश गर्नु पर्ने छ । सहिछाप नगरी पेश भएको प्रस्तावलाई सूचीकरण प्रक्रियामा समावेश गरिने छैन ।
- ✓ यस कार्यालयले आपुर्तिकर्ताबाट आवश्यक परेमा थप कागजात माग गर्न सकिने छ सो पेश नगरे सूचिकरण प्रक्रियामा समावेश गरिने छैन।
- ✓ आपूर्तिकर्ताले फारमसाथ फारम खरिद शुल्क बापत रु ३०००।- फिर्ता नहुने गरी कृषि ज्ञान केन्द्र बाराको कार्यालय कोड नं. ३१२०१२१०१२, राजश्व शीर्षक नं १४२२९ राष्ट्रिय बाणिज्य बैङ्क मा जम्मा गरेको सक्कल बैङ्क भौचर पेश गर्नु पर्नेछ।
- ✓ आपूर्तिकर्ताले Performance Bond वापत यस कार्यालयको आ.व. २०८२/८३ को सिंचाई सम्बन्धी बिनियोजित बजेट जम्मा रु १,२२,००,०००।— (अक्षरेपी रु एक करोड बाईस लाख मात्र)को आफुले आपूर्ति गर्न सक्ने रकमको ५% बराबरको १३ महिना सम्म म्याद भएको सक्कल बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस कार्यालयको कार्यालय कोड नं. ३१२०१२१०१२ तथा राष्ट्रिय बाणिज्य बैङ्क ,बारा कलैया को धरौटी खाता नं. १२६०१००२०२०३०००० प्र.ले.नि.का. बारामा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ ।
- ✓ बैंक ग्यारेन्टी वा धरौटी रकम रु.१,५०,०००।— भन्दा कम हुनु भएन र पछि बजेट थप भएमा सोही अनुसार थप बैंक ग्यारेन्टी वा धरौटी रकम जम्मा गरी कार्यसम्पादन अगाडी बढाउनु पर्नेछ।

राजनारायण प्र. साह
निमित प्रमुख